# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

**कम्पनीको व्यवसायिक कारोवार सञ्चालनको औपचारिक घोषणा सम्बन्धमा**

## प्रेस विज्ञप्ती

नेपालको अपार जलविद्युत क्षमतालाई विकास गरी विद्यमान विद्युत संकटलाई निवारण गर्दै समुन्नत नव नेपाल निर्माणको लागि जलविद्युतका ठूला परियोजना संचालन गर्न अपरिहार्य देखिन आएको र ठूला तथा वृहत आयोजना सम्पन्न गर्न ठूलो धनराशीको आवश्यकता पर्ने भएकोले आन्तरिक बजारमा रहेका वित्तीय संघसंस्थाबाट वृहत आयोजना संचालन गर्न पर्याप्त पूँजी उपलध हुन नसक्दा ठूला परियोजना संचालन गर्न कठिनाई महसुस भई आन्तरिक बजारमा छरिएर रहेको पूँजी तथा द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय एवं अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त हुने पूँजी परिचालनको लागि छुट्टै संयन्त्रको विकास गरी सहजता ल्याउने परिकल्पना अनुरुप नेपाल सरकारले विद्युत क्षेत्रको विकासलाई टेवा पुऱ्याउन मिति २०६८।३।२२ को निर्णयानुसार कम्पनी ऐन, २०६३ अन्तर्गत रही यो कम्पनी स्थापना भई संचालनमा आएको हो ।

अधिकृत पूँजी ५० अर्व भएको यस कम्पनीको जारी पूँजी १० अर्व र चुक्ता पूँजी ८ अर्व रहेको छ । कम्पनीमा नेपाल सरकारको ५ अर्व, संगठित संस्थाको ३ अर्व र सर्वसाधारणबाट २ अर्व रहनेछ । जस अनुसार अर्थ मन्त्रालयको २ अर्व, ऊर्जा मन्त्रालयको १ अर्व, कानून तथा न्याय मन्त्रालयको १ अर्व, महालेखा नियन्त्रक कार्यालयको १ अर्व, कर्मचारी संचयकोषको १ अर्व प्राप्त भइसकेको छ भने राष्ट्रिय वीमा संस्थान र नागरिक लगानी कोषबाट प्राप्त हुनुपर्ने १/१ अर्व किस्तावन्दीमा मंसिर मसान्तभित्र चुक्ता हुनेछ । सर्वसाधारणबाट उठाइने रु. २ अर्व पछि शेयर विक्रीबाट उठाईने लक्ष्य रहेको छ ।

यस कम्पनीको प्रमुख उद्देश्य जलविद्युत उत्पादन, वितरण तथा प्रशारण गर्ने आयोजनामा शेयर तथा ऋण लगानी गर्नु रहेको छ सो प्रयोजनको लागि कम्पनीले वण्ड डिवेन्चर लगायतका ऋण पत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिट जारी गरी आन्तरिक तथा बाह्य बजारबाट दीर्घकालिन प्रकृतिका पूँजी संकलन गरी परिचालन गर्ने छ भने द्विपक्षीय एवं बहुपक्षीय अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण तथा अनुदान लिई निजी क्षेत्रमा प्रवाह गर्नेछ ।

कम्पनीले २५ मेगावाट वा सो भन्दा ठूला आयोजनामा ऋण लगानी गर्ने र त्यस्ता आयोजनाहरुमा शेयर लगानी गर्ने नीतिगत व्यवस्था भएकोमा जनशक्ति व्यवस्थापन तथा लगानी सम्बन्धी अनुभव समेतको कमी रहेको र नेपाल राष्ट्र बैंकबाट समेत सहवित्तीयकरण अन्तर्गत मात्र ऋण लगानी गर्न अनुमति प्राप्त भएकोले प्रथम चरणमा बैंक तथा वित्तीय संस्थाको अगुवाईमा सहवित्तीयकरण अन्तर्गत ऋण लगानी गर्न कम्पनीले निर्णय गरेकोले आजको मिति देखि सहवित्तीयकरण अन्तर्गत ऋण लगानी गर्न खुल्ला रहेको व्यहोरा जानकारी गराउँदछौं ।

साथै, १० मेगावाट भन्दा ठूला निर्माणाधीन आयोजनाहरु सम्पन्न हुनमा वित्तीय संकटका कारण कठिनाई पर्न गएको अवस्था भएमा लगानी गरिरहेको अगुवा बैंकको अनुरोध एवं जमानतमा त्यस्ता आयोजनाको लागि ऋण प्रवाह गर्न पनि कम्पनी खुल्ला रहेको व्यहोरा जानकारी गराउँदछौं ।

देशमा ऊर्जा संकटका कारण उद्योग, कलकारखाना लगायत औद्योगिकरणमा प्रत्यक्ष प्रभाव पर्न गई आर्थिक क्रियाकलाप बिस्तारमा व्यवधान उत्पन्न हुन गएको र राष्ट्रको आर्थिक विकासको एक मात्र भरपर्दो आधार जलविद्युत क्षेत्रको विकास भएकोले विद्युत उत्पादनलाई व्यापक रुपमा बिस्तार गर्न नसक्दासम्म देश विकासको परिकल्पना गर्न निरर्थक हुने देखिन्छ । औद्योगिकीकरण एवं व्यापार सन्तुलनको लागि निर्यातजन्य ठूला विद्युत आयोजना संचालन गर्नु अपरिहार्य भएको र ठूला एवं वृहत आयोजना संचालन गर्न पर्याप्त पूँजीको आवश्यकता

पर्ने भएकोले आन्तरिक एवं बाह्य बजारबाट पूँजी संकलन गरी परिचालन गर्न सशक्त माध्यमको आवश्यक महसुस भई यो कम्पनीको जन्म भएको हुनाले यसले अन्तर्राष्ट्रिय निकाय, नेपाल सरकार तथा निजी क्षेत्रको पूलको रुपमा रही पूँजी संकलन तथा परिचालनमा समन्वयकारी भूमिका निर्वाह गरी विद्युत विकासको लागि निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थासँग हातेमालो गरी सहकार्यमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ । साथै, नेपाल जस्तो विकासोन्मुख राष्ट्रको विकासमा गहिरो अभिरुची राख्ने अन्तर्राष्ट्रिय समुदाय, दातृ निकाय द्विपक्षीय एवं बहुपक्षीय संस्था एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवं शुभेच्छुकलाई यसै कम्पनी मार्फत लगानी प्रवाह गरी राष्ट्रको विकासमा योगदानको लागि सरिक हुन हार्दिक आह्वान गर्दछौ ।

कम्पनी आफ्नो उद्देश्य अनुसार २५ मेगावाट वा सो भन्दा ठूला आयोजनामा सहवित्तीयकरण अन्तर्गत ऋण लगानी गर्न इच्छुक भएकोले त्यस्ता आयोजनाको विवरण सहित कम्पनीलाई सहकार्यमा सामेल गराउन सम्बन्धित सरोकारवाला प्रवर्द्धक बैंक तथा वित्तीय संस्था तथा अन्य सम्बन्धित सबैलाई आह्वान गर्दछौ ।

अन्तमा, कम्पनीले व्यवसायिक कारोवार शुरु गरेको सुखद् उपलक्ष्यमा आयोजित यस कार्यक्रममा पाल्नु हुने सम्पूर्ण आदरणीय महानुभाव लगायत पत्रकार मित्रहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै उपस्थित महानुभावबाट आफ्नो उद्देश्य अनुसार अगाडि बढ्न कम्पनीलाई प्रेरणा र उत्साह प्रदान हुने आशा एवं अपेक्षा गर्दछौं ।

धन्यवाद ।